गौरीशंकर गाउँपालिका ४६ औ कार्यपालिका बैठक

आज मिति २०८२।०८।२२ गते यस गौरीशंकर गाउँपालिकाको ४६ औ कार्यपालिका बैठक गौरीशंकर गाउँपालिका अध्यक्ष श्री विश्वास कार्कीज्यूको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितिमा बैठक बसी देहाय बमोजिम निर्णय गरियो ।

तपसिल :

| | | |
|---|---|---|
| १. | अध्यक्ष | श्री विश्वास कार्की |
| २. | उपाध्यक्ष | श्री उमा लुङ्गेली मगर शेर्पा |
| ३. | वडा नं १ अध्यक्ष | श्री प्रकाश बहादुर खड्का |
| ४. | वडा नं २ अध्यक्ष | श्री रोहित बुढाथोकी |
| ५. | वडा नं ३ अध्यक्ष | श्री युग बहादुर बस्नेत |
| ६. | वडा नं ४ अध्यक्ष | श्री शिवहरी खत्री |
| ७. | वडा नं ५ अध्यक्ष | श्री सुन्दर खड्का |
| ८. | वडा नं ६ अध्यक्ष | श्री निमासाङ्गे शेर्पा |
| ९. | वडा नं ७ अध्यक्ष | श्री सोनाम शेर्पा |
| १०. | वडा नं ८ अध्यक्ष | श्री दावारेन्जी शेर्पा |
| ११. | वडा नं ९ अध्यक्ष | श्री डिमगेली शेर्पा |
| १२. | कार्यपालिका सदस्य | श्री गंगा चर्मकार सार्की |
| १३. | कार्यपालिका सदस्य | श्री देवी घतानी |
| १४. | कार्यपालिका सदस्य | श्री जिमि शेर्पा |
| १५. | कार्यपालिका सदस्य | श्री डोमा शेर्वा |
| १६. | कार्यपालिका सदस्य | श्री आङदोर्जी शेर्पा |
| १७. | कार्यपालिका सदस्य | श्री लानुरी शेर्पा |
| १८. | प्रमुख प्रशासकिय अधिकृत | श्री रिजेश उपरकोटी |

**निर्णय नं १ : पूर्व निर्णयहरुको समिक्षा सम्बन्धमा**

उपरोक्त सम्बन्धमा यस अघि सम्पन्न भएको कार्यपालिका बैठकको निर्णयहरुको कार्यान्वयन स्थितिका बारेमा समिक्षा सम्पन्न भयो ।सो सम्बन्धमा योजना कार्यान्वयनमा द्रुतता ल्याउनलाई थप निर्देशन गर्ने निर्णय गरियो ।

**निर्णय नं २ : योजना कार्यान्वयन सम्बन्धमा**

गौरीशंकर गाउँपालिकाको आ.ब. २०८२।८३ को वडागत योजनाहरु सुत्र प्रणालिमा प्रविष्ट भई कार्यान्वयनमा भएकोम सो योजनाहरुको कार्यन्नवयनका लागी गठन भएका उपभोक्ता समितिहरु लाई काम प्रारम्भ गरी छिटो भन्दा छिटो काम सम्पन्न गर्न कार्यालयमार्फत निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं ४ : अन्तर माध्यमिक विध्यालय खेलकुद प्रतियोगिता सम्बन्धमा**

उपरोक्त सम्बन्धमा यस गौरीशंकर गाउँपालिका भित्र अन्तर माध्यमिक विध्यालय छात्र फुटबल प्रतियोगिता मिति २०८२।०८।२१ गते देखि २२ गतेसम्म कार्यान्वयन भएकोमा सो प्रतियोगिता सञ्चालनको खर्च सम्बन्धित शाखाबाट प्राप्त बिल भर्पाईको आधारमा भुक्तानी गर्ने निर्णय गरियो । यसै सम्बन्धमा सो प्रतियोगिताबाट एक पालिकास्तरिय टोली गठन गरी यही मंसिर २८ गते देखि जिल्ला खेलकुद विकास समिति द्धारा आयोजित अन्डर १४ फुटबल प्रतियोगितामा सहभागी हुन पठाउने निर्णय गरियो ।

**निर्णय नं ५ : प्रदेश लोक सेवा आयोगमा कर्मचारी माग सम्बन्धमा**

उपरोक्त सम्बन्धमा बागमती प्रदेश लोक सेवा आयोगको कार्यतालिका अनुसार पाचौ तहका विभिन्न सेवा समुह उपसमुहका पदहरुको विज्ञापन सूचना खोल्ने समय भएको हुदाँ प्रदेश लोक सेवा आयोगबाट माग आकृति फारम माग भएमा पाचौ प्रशासन सहायक हाल रिक्त भएको ५ वटा पदमा तथा ईन्जिनियरिङ प्राविधिक पदमा रिक्त ६ वटा पदमा एव स्वास्थ्य तर्फ रिक्त ३ पदमा माग पठाउने निर्णय गरियो ।

**आर्थिक सहायता सम्बन्धमा :**

क. वडा नं ८ खारे निवासी श्री कालुमान तामाङको छोरा श्री सुवास तामाङको खुट्टा खेत जोत्ने क्रममा दुर्घटना भई क्षति भएको तथा निजको उपचार आर्थिक अवस्था कमजोर भई वडा

कार्यालय मार्फत आर्थिक सहयोगका लागी सिफारिस भई आएको हुदाँ कार्यपालिका निर्णय द्वारा रु ३५ हजार सहयोग गर्ने निर्णय गरियो ।

ख. गौरीशंकर गाउँपालिका वडा नं १ निवासी तिर्थ बहादुर खड्काको बुहारी श्री टिका कुमारी खड्काको फोक्सोमा समस्या भई सिभिल अस्पताल बानेश्वरमा उपचाररत रहेको तथा आर्थिक अवस्था नाजुक भई उपचार सहयोगको लागी वडा मार्फत निवेदन पेश भएकोमा निजलाई कार्यपालिका निर्णयानुसार रु ४० हजार रुपैया सहयोग गर्ने निर्णय गरियो ।

ग. गौरीशंकर गाउँपालिका वडा नं ४ निवासी कुमार जोशी भिर बाट लडी खुट्टा भाचिएको तथा उपचारका लागी रोल्वालिङ अस्पताल सिंगटिमा उपचाररत रहेको तथा आर्थिक अवस्था नाजुक भई उपचार सहयोगको लागी वडा मार्फत निवेदन पेश भएकोमा निजलाई कार्यपालिका निर्णयानुसार रु १ लाख रुपैया सहयोग गर्ने निर्णय गरियो ।

घ. दोलखा उध्योग वाणिज्य संघ द्वारा कार्यालय व्यवस्थापन तथा विभिन्न कार्यक्रम सञ्चालनका लागी आवश्यक सहयोग माग भएकोमा कार्यपालिका निर्णय द्वारा रु २ लाख रुपैया प्रदान गर्ने निर्णय गरियो ।

ङ. गौरीशंकर गाउँपालिका वडा नं ४ निवासी श्री नमराज खड्काको भिरमा घास काट्न जाने क्रममा खुट्टा भाँचिएर अप्रेशन गर्नु पर्ने भएको उपचाररत रहेको तथा आर्थिक अवस्था नाजुक भई उपचार सहयोगको लागी वडा मार्फत निवेदन पेश भएकोमा निजलाई कार्यपालिका निर्णयानुसार रु ३० हजार रुपैया सहयोग गर्ने निर्णय गरियो ।

**निर्णय नं ६ : घ वर्गको निर्माण व्यवसायी ईजाजतपत्र सम्बन्धमा**

उपरोक्त सम्बन्धमा यस गौरीशंकर गाउँपालिका घ वर्गको निर्माण व्यवसायी ईजाजतपत्र कार्यविधि बमोजिम पेश हुन आएका निम्न बमोजिम निर्माण व्यवसायीहरुलाई ईजाजतपत्र प्रदान गर्ने निर्णय गरियो ।

क. श्री जटापोखरी बिल्डर्स प्रा.लि, गौरीशंक गाउँपालिका,०५
ख. श्री सुरी भूमे कन्स्ट्रकसन एण्ड सप्लायर्स,०५

निर्णय प्रमाणित
२०८२/०८/२२

गौरीशंकर गाउँपालिका ४६ औ कार्यपालिका बैठक

**विविध : अनुदान कार्यक्रममा २ प्रतिशत दिवा खाजामा सहयोग गर्ने सम्बन्धमा**

यस गौरीशंकर गाउँपालिका अन्तर्गत कृषि तथा पशु शाखा मार्फत प्रदान हुने अनुदानमा गाउँपालिका भित्रका विध्यालयहरुलाई दिवा खाजामा सहयोग गर्ने उद्धेश्यले अनुदान रकमको २ प्रतिशतले हुन आउने रकम वा उत्पादित वस्तु विध्यालयलाई प्रदान गर्ने तथा विध्यालयले सोको सिफारिस गरि पठाए पछि मात्र भुक्तानीका लागी सिफारिस गर्ने निर्णय गरियो ।